

# अध्याय -१०

## बाइबलको मान्यता विपरित भएको आध्यात्मिकवाद वा आत्मिक जागरण, प्रेतवाद आदि क्रियाकलापहरूको भन्डाफोर

<u>यस अध्यायका मूल पदहरू:</u> मत्ती १०:२८; उपदेशक ९:३; यशैया ८:१९,२०; यूहन्ना ११:११-१४, २१-२५; प्रकाश १६:१३,१४; मत्ती २४:२३-२७; १ थेस्सोलिनिकी २:९-१२।

*<u>यस अध्यायको मुल सार पद:</u> " किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।" १ थेस्सोलिनिकी ४:१६-१८।*

केही दशक अगाडि पश्चिम देशमा मृत्युको नजिकको अनुभवको बारेमा अचम्मका विवरणहरू दिएका थिए। ती मानिसहरू मरेका थिए र फेरि बिउँतिए भनेर आफ्ना अनुभवहरू बताएका थिए। सारा संसारका लाखौं मानिसहरू जो इसाईहरू नै किन नहोस् मानिस मरेपछि वास्तविक रूपमा मरेको हुँदैन भनेर विश्वास गर्दछन्। सैतानको अध्यात्मवाद वा आत्मा अमर छ र मानिसहरूका बिचमा मरेका आत्मा सक्रिय हुन्छ भन्ने धारणा व्यापक

रूपमा फैलिएको थियो। मानिसहरूलाई धोखा दिने विभिन्न छलहरूमा यो एउटा सैतानको प्रभावकारी विश्वास वा धारणा थियो।

मरेका आत्माले काम गरिरहेको हुन्छ भन्ने धारणाको जग अदनबाट नै सुरु भएको थियो। सैतान सर्पको रूपमा आएर हव्वालाई "तिमी कदापी मर्नेछैनौ" भनेर झुठो मन्त्र सुनाएको थियो (उत्पत्ति २:४ रूपान्तरित)। "जसले पाप गर्छ उ मर्नेछ," भन्ने बाइबलको धारणालाई कतिपय इसाईहरूले नै गफको कुरा भनेर फैलाइरहेका छन्। बाइबल विपरित इसाई समेत विभिन्न धर्म वा आस्थाहरूका अभियानमा यो धारणाले मानिसहरूलाई उत्तेजना फैलाइरहेको छ। अमेरिकाको फक्स भन्ने दिदीबहिनीले प्रेत वा मरेको मानिससँग सम्बाद गरे वा जगाए भनेर १९सौं शताब्दीमा दावी गरेका थिए। तर, पछि त्यो नक्कली वा धोखापूर्ण थियो भनेर ती दिदीबहिनीहरूले नै स्वीकारेका थिए। मरेका मानिसहरूसँग सवाल जवाफ गर्न सक्छन् भन्ने छलि वा झुटो विश्वास विश्वको समाजमा व्यापक नै छ।

अन्तिम दिनमा सैतानले ल्याउने उत्तेजनात्मक कठित आत्मिक जागरण र विभिन्न छलहरूका छालबाट बच्न केवल येशूसँग व्यक्तिगत सम्बन्ध र बाइबलका शिक्षाहरूमा अटल रहनु मात्र हाम्रो सुरक्षा हो भनेर औंल्याउने यस अध्यायको लक्ष्य हो। हाम्रा आँखालाई देखाएता पनि, कानमा सुनाएता पनि र मनले नै विश्वास गर्न लगाएता पनि मानिस मरेपछि हंस जागै रहन्छ भन्ने परमेश्वरको शिक्षाबाट बिचलित पार्ने शिक्षाबाट जोगिन हाम्रो सम्बन्ध येशू र बाइबलसँगको बिकल्प छैन।

***यो अध्याय द ग्रेट कन्त्रोभर्सीको अध्याय ३१-३४मा आधारित छ।***

## १. कठित आत्मिक जागरण वा मरेकाहरूलाई जगाउने विद्याको घातक परिणामहरू

मृत्यु केवल एक जीवनबाट अर्को जीवनमा सर्ने वा पुनर्जन्म हुनेछ भन्ने काल्पनिक कथाले मानिस अमर छ भन्ने धारणालाई लोकप्रिय बनाउने कदम हो। यो बाइबल बिपरित मूर्तिपूजक वा अन्य धर्मको शिक्षा हो। चर्चमै यो धारणा घुस्दा बाइबलमा आधारित विश्वासको जगलाई यसले हल्लाउन खोजेको पाइन्छ। तत्कालिन रोमी वा आधुनिक संसारको अध्यात्मिक सभ्यतामा मानिस मरे पनि उ कुनै न कुनै रूपमा जीवित रहन्छ भन्ने धारणा लोकप्रिय थियो र छ नैः "रोमन क्याथोलिक चर्चले मानिस अमर छ भन्ने शिक्षा रोमको

मूर्तिपूजाबाट अङ्गालेको हो। इसाई जगतकै धर्ममा यो धारणाले लोकप्रियता पाएको छ।"-*द ग्रेट कन्त्रोभर्सी,* ५४९।

**बाइबलका अरू पदहरूलाई नपढी येशूले भन्नुभएको केवल यस कथनले मात्रै मानिस अमर छ भन्ने धारणालाई मान्ने हुन्छ भनेर कसरी ठिक छ भनेर बताएको देखिन्छ? हेर्नुहोस्, " तिनीहरूसँग नडराओ जसले शरीरलाई मार्छन्, तर आत्मालाई मार्न सक्दैनन्। बरु आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ।" मत्ती १०:२८।**

विभिन्न प्रकारका तन्त्रमन्त्र, (सराद्दे गर्ने, पितृ पूजा) बीर जगाउने, झाँक्री, जादु, धामी, फू मन्त्र गर्ने, ज्योतिष, बोक्सी, देउता जगाउने वा जाग्ने, भूत प्रेत जगाउने जस्ता क्रियाकलापहरू परमेश्वरले सरासर मनाही गर्नुभएको थियो। व्यवस्थाको पुस्तकमा यो स्पष्ट छ, " ९ परमप्रभुले तिमीहरूलाई दिनुहुने देशमा तिमीहरू आइपुगेपछि त्यहाँ बस्ने जातिहरूका घृणित रीतिरिवाजहरू देखासिकी नगर्नू। १० आफ्नो छोरा वा छोरीलाई आगोमा बलि गर्ने, शकूनअपशकून बताउने, जोखना हेर्ने, जादूगरी गर्ने, ११ टुनामुना गर्ने, मृतसँग सल्लाह लिने बिजुवा वा झाँक्री तिमीहरूका बीचमा कोही नहोस्। १२ यस्तो काम गर्ने व्यक्ति परमप्रभुको अगि घृणित हो। यी घृणित रीतिथितिहरूको कारणले परमप्रभु तिमीहरूका परमेश्वरले ती जातिहरूलाई तिमीहरूका सामुबाट निकालिदिनुहुनेछ। १३ परमप्रभु तिमीहरूका परमेश्वरको सामुन्ने तिमीहरू निर्दोष हुनुपर्छ।" व्यवस्था १८:९-१३। तत्कालिन इस्राएलीको समाजमा ती क्रियाकलाप गर्नेहरूलाई ढुङ्गाले हानेर मार्नुपर्छ भन्ने उर्दी थियो (लेबी २०:२७)। यो दण्ड अत्यन्तै कठोर देखिन्छ तर इस्राएलीहरूलाई काल्पनिक देवीदेवताहरूलाई पूजा गर्नबाट सुरक्षित राख्न त्यो नीति दिएको थियो।

बोक्सीप्रथा सैतानको तर्फबाट हो। यसले झुठा आराधना गर्न मानिसलाई फसाउँछ र परमेश्वरसँगको सक्कल सम्बन्धको नक्कल हो। तर, यसले मानिसको भित्री हृदयको चाहना वा आवश्यकतालाई सन्तुष्ट पार्न सक्दैन। आध्यात्मिक जागरणको नाउँमा टुनामुना गरेर मानिसहरूलाई लठ्ठ योजना सैतानको हो र यसरी नै उसले इसाई समेत सबैलाई कब्जा गर्ने योजना। तर, आफ्नो अनुग्रह र शक्तिले सैतानको बन्धनमा परेका जनहरूलाई येशूले फुट्काउन चाहनुहुन्छ।

**मृत्यु र मरेकाहरूसँग सम्पर्क गर्नेको बारेमा देहायका पदहरूले हामीलाई के सिकाउँछ? " ३ सूर्यमुनि हुने प्रत्येक काममा दुष्टता छ। सबैलाई**

एकै अन्त्य आइपर्छ। मानिसहरूका हृदय दुष्टताले भरिएका हुन्छन्, र तिनीहरूका जीवनकालभरि नै तिनीहरूका हृदय पागलपनाले भरिन्छन्, अनि त्यसपछि तिनीहरू मरेकाहरूसँग मिल्नजान्छन्। ४ बाँचिरहनेहरूका साथमा हुनेसँग आशा हुन्छ। जिउँदो कुकुरको स्थिति मरेको सिंहको भन्दा असल हो। ५ किनभने हामीहरू मर्नेछौं भनी जीवितहरूले जान्दछन्, तर मरेकाहरूले त केही पनि जान्दैनन्। तिनीहरूका निम्ति केही प्रतिफल हुँदैन। तिनीहरूको सम्झना पनि लोप हुन्छ। ६ तिनीहरूका प्रेम, घृणा, ईर्ष्या सबै लोप भएका हुन्छन्। सूर्यमुनि गरिएको कुनै काममा तिनीहरूको फेरि कहिल्यै भाग हुँदैन।" उपदेशक ९:३-६; " ७ हे परमेश्वर, मेरो जीवन ता हावाको एक झोंक्का मात्र हो भनी सम्झनुहोस्। मैले फेरि सुदिन देख्न पाउनेछैनँ। ८ अहिले मलाई देख्ने आँखाले फेरि कहिल्यै देख्नेछैन, तपाईंले मलाई खोज्नुहुनेछ, तर म लोप भइहाल्नेछु। ९ जसरी बादल फाटेर छताछुल्ल र लोप हुन्छ, त्यसरी नै चिहानमा जाने फेरि कहिल्यै फर्कनेछैन। १० त्यो फेरि कहिल्यै घरमा फर्केर आउँदैन, अनि त्यसलाई चिन्नेहरूले त्यसलाई बिर्सनेछन्।" अय्यूब ७:७-१० र; "१९ जब मानिसहरूले तिमीहरूलाई भूतप्रेत खेलाउने र तन्त्रमन्त्र गर्ने धामीझाँक्रीसँग सल्लाह लेओ भनी भन्लान्, तब के मानिसहरूले आफ्ना परमेश्वरकहाँ गएर सोध्नुपर्दैन र? जीवितहरूका विषयमा मरेकाहरूलाई किन सोध्ने? २० व्यवस्था र गवाहीकहाँ जाओ! यदि तिनीहरू यस वचनअनुसार बोलेनन् भने तिनीहरूसित बिहानको मिरमिरे उज्यालो पनि छैन। २१ तिनीहरू कष्टित र भोका भएर देशमा घुमिहिँड्नेछन्। जब तिनीहरू अत्यन्तै भोका हुन्छन्, तब तिनीहरू रिसाउनेछन्, र मास्तिर हेरी आफ्ना राजा र आफ्ना परमेश्वरलाई सराप्नेछन्। २२ तब तिनीहरूले पृथ्वीतिर हेर्नेछन्, तर त्यहाँ दुःख, अन्धकार र डरलाग्दो नैराश्य मात्र देख्नेछन्। अनि तिनीहरू घोर अन्धकारमा जाकिनेछन्।" यशैया ८:१९-२२।

मानिस मरेपछि सिधै स्वर्ग वा नरकमा जान्छ भन्ने विश्वास बाइबलसम्मत छैन। यो आइतबारलाई मान्ने प्रथा जस्तै युगौं युगदेखिको छ। इसाई भनाउँदाहरूमा यो विश्वासले यस्तो जरा गाडिएको छ कि सितिमिती त्यस विश्वासबाट हट्न धेरै मुश्किल हुन्छ। इसाईहरूले नै बाइबलका केही पदहरू कुन सन्दर्भमा भनिएको हो वा लेखिएको हो भनेर थाहा पाउन बेवास्ता गरेर आफ्नो विश्वास ठिक छ भनेर मानिसहरूले ठोकुवा गर्छन्। तर, तिनीहरूले अङ्गालेका झुटो शिक्षादीक्षाले गर्दा तिनीहरूलाई फसाउने सैतानको

जालबाट तिनीहरूलाई सुरक्षित राखिन्दैन। विशेष गरेर युगको अन्त्यमा सैतानले अनेकौं जाल गरेर मानिसहरूलाई फसाउन खोज्नेछ।

*अरू इसाईहरूलाई मृत्युको बारेमा व्याख्या गर्ने प्रयासमा तपाईंको अनुभव के छ? तिनीहरूलाई बुझाउन के कुरा प्रभावकारी तपाईंले पाउनुभएको छ?*

## २. पुरानो करार वा पौराणिक इस्राएलमा मृत्यु

**मानिस मरेपछि उसको अवस्था कस्तो हुन्छ भनेर देहायका पदहरूले हामीलाई के सिकाउँछ? हेर्नुहोस्, "मृत्युमा तपाईंको सम्झना हुँदैन, पाताल वा चिहानमा कसले तपाईंको प्रशंसा गर्न सक्छ र?" भजन ६:५; "मृतकहरूले परमप्रभुको प्रशंसागर्दैनन्, मृत-लोकमा जानेहरूले उहाँको प्रशंसा गर्दैनन्।" भजन १५:१७; "दाऊद आफ्ना पित्रहरूसित सुत्न गए, र दाऊदको सहरमा गाड़िए। तिनले इस्राएलमा चालीस वर्षसम्म राज्य गरे– सात वर्ष हेब्रोनमा र तेत्तीस वर्ष यरूशलेममा।" १ राजा २:१०-११" "४१ सोलोमनको राजकालका अरू घटनाहरू र तिनले गरेका सबै कार्यहरू र तिनले प्रदर्शन गरेका सबै बुद्धि के ती कुरा सोलोमनका इतिहासको पुस्तकमा लेखिएका छैनन् र? ४२ सोलोमनले यरूशलेममा सारा इस्राएलमाथि चालीस वर्ष राज्य गरे। ४३ त्यसपछि तिनी आफ्ना पित्रहरूसित सुते, र आफ्ना पिता दाऊदको सहरमा गाड़िए। अनि तिनीपछि तिनका छोरा रहबाम राजा भए।" १ राजा ११:४१-४३ र " १९ यारोबामको राजकालका अरू घटनाहरू र तिनका युद्धहरू र तिनले कसरी राज्य गरे ती इस्राएलका राजाहरूका इतिहासको पुस्तकमा लेखिएका छन्। २० तिनले बाईस वर्ष राज्य गरे, र त्यसपछि तिनी आफ्ना पित्रहरूसित सुते। अनि तिनीपछि तिनका छोरा नादाब राजा भए।" १ राजा १४:१९-२०।**

मानिस अमर छ, उ मरेपछि अर्को जन्म लिन्छ र उसको आत्मा वा हंस घुमिरहन्छ भन्ने शिक्षा पुरानो करारले सिकाउँदैन। न त विश्वासीहरू मरेपछि सिधै स्वर्ग जान्छ वा दुष्टहरू नरक कुण्डमा अनन्त सम्म यातना सहेर बस्छन् भनेर बाइबलले सिकाउँदछ। मृत्यु भनेको निन्द्रा हो भनेर सिकाउँछ। राजाहरूका इतिहासको पुस्तकले मृत्युलाई निन्द्रा भनेर सम्बोधन गरेको छ। मरेकाहरू आफ्ना पितृ वा पुरुखाहरूसाग विश्राम लिए वा सुते भनेर पुरानो करारमा सम्बोधन गरिएको छ। मृत्यु भनेको निन्द्रा हो भनेर भजनसंग्रहको पुस्तकले बताउँछ (भजन १३:३, ९०:५)। मृत्युको बारेमा चर्चा गर्दा निन्द्राबाट नबिउँझिने भनेर अय्यूबले बताउँछ (अय्यूब १४:१२)। भजनका

लेखकले यो थप्दछन्, "मचाहिँ धार्मिकतामा तपाईंको मुहार हेर्नेछु। म बिउँझँदा तपाईंको प्रतिरूप देखेर सन्तुष्ट हुनेछु।" भजन १७:१५।

जब असेरियाका सिपाहीँहरू पराजित भएका थिए र मारिएका थिए तिनीहरूको मृत्युलाई अन्तिम निन्द्रा भनेर सम्बोधन गरिएको छ (भजन ७६:६)। मरेका मानिसहरू भूत भएर तर्साउन आउने वा अनेकौं चर्तिकला देखाउने भन्ने धारणा बाइबलसङ्ग मिल्दैन। यो त मूर्तिपूजा वा अरू धर्म, संस्कार, सभ्यता वा संस्कृतिको धारणा हो।

यदि मृत्युको बारेमा हामीमा स्पष्ट धारणा भएन भने हामीले सैतानका छलहरूको निम्ति ढोका खोल्दछौं। "धेरै मानिसहरूलाई शैतान वा दुष्ट आत्माहरू आएर आफूहरू तिनीहरूका आफन्त वा साथीहरू हौं भनेर देखाउनेछन् वा देखाउँछन्। यो धर्मको नाउँमा अत्यन्तै भ्रष्ट र खतरानक चाला हो। तिनीहरूले हाम्रा मन जित्न खोज्छन् र अनेकौं आश्चर्य काम गरेर आफ्ना छललाई ढाकछोप गर्नेछन् वा गर्दछन्। ती चालहरूको विरुद्धमा बाइबलको सत्यलाई हतियार बनाएर भिड्नुपर्दछ। मरेकाहरूले केही थाहा छैन र ती देखावटी भूतहरू दुष्ट आत्माहरू हुन् भन्ने बाइबलको सत्यलाई हाम्रो हृदयमा सजाइ राख्नुपर्दछ।"–*द ग्रेट कन्त्रोभर्सी,* पृ. ५६०।

**मानिस मरेपछि उसको अवस्था के हुन्छ भनेर देहायका पदहरूले के थप्दछन्, " १ "त्यस समयमा तिम्रा मानिसहरूलाई रक्षा गर्ने प्रधान राजकुमार मिखाएल देखा पर्नेछन्। यस्तो सङ्कष्टको समय आउनेछ कि जातिहरू सुरु भएदेखि त्यस बेलासम्म त्यस्तो कहिल्यै भएको छैन। तर त्यस बेला तिम्रा मानिसहरू– जीवनको पुस्तकमा नाम लेखिएका सबै– बचाइनेछन्। २ पृथ्वीको धूलोमा सुतेका भीड़हरू उठ्नेछन्, केही अनन्त जीवनको लागि र अरूहरूचाहिँ शर्म र अनन्त तिरस्कारको लागि। ३ बुद्धिमान्हरू आकाशको चमकजस्तै र धेरैलाई धार्मिकतामा डोऱ्याउनेहरूचाहिँ ताराहरूजस्तै सदासर्वदै चम्किरहनेछन्।" दानिएल १२:१-३ र "२५ तर म जान्दछु, मेरा उद्धारक जीवित हुनुहुन्छ, सबैभन्दा अन्तिम समयमा उहाँ पृथ्वीमा खड़ा हुनुहुनेछ। २६ अनि मेरा छाला नाश गरिसकेपछि, मेरो शरीरमै म परमेश्वरलाई देख्नेछु। २७ म आफ्नै आँखाले उहाँलाई देख्नेछु, आफैले नै देख्नेछु अरू कसैले होइन। मेरो हृदय मभित्रै कति लालयत बन्छ!" अय्यूब १९:२५-२७।**

पुनरुत्थान नहुञ्जेल मृत्यु निन्द्रा र विश्राम हो। कुनै हंस वा आत्मा पृथ्वीमा वा आकाशमा घुमिरहेका हुँदैन र जीवित मानिसहरूसँग सम्पर्क राख्न

खोज्दैन। मूर्ति पूजा गर्ने धर्म र संस्कारमा पितृ लोकलाई विश्वास गरेतापनि इस्राएलीहरूले मृत्युलाई पुनरुत्थानको बिहानी नहुञ्जेल सुतिरहेका हुन्छन् भनेर विश्वास गरेका थिए।

मरेकाहरूको निम्ति हामी शोक गर्दछौं तैपनि ख्रीष्टमा मरेकाहरूको बारेमा सोच्नुहोस्ः मृत्युमा तिनीहरूका आँखाहरू बन्द हुन्छन्, जति समय भएतापनि जब येशू फर्कनुहुन्छ तब त्यस क्षण तिनीहरूले थाहा पाउनेछन् येशू फर्किनुभयो। पुनरुत्थान भएपछि तिनीहरूको पहिलो सोच नै ओहो हुनेछ। आखिरमा येशू त फर्किनुभयो भनेर थाहा पाएर तिनीहरू उल्लेसित हुनेछन्।

## ३. नयाँ करारमा मृत्यु

**पुरानो करारको तुलनामा नयाँ करारका लेखकहरूले मृत्युको बारेमा के व्याख्या गरेका छन्? हेर्नुहोस्ः "११ त्यसपछि उहाँले तिनीहरूलाई भन्नुभयो, "हाम्रा मित्र लाजरस निद्रामा परेका छन्, तर तिनलाई निद्राबाट बिउँझाउन म त्यहाँ जान्छु।" १२ चेलाहरूले उहाँलाई भने, "प्रभु, तिनी निद्रामा परेका छन् भने तिनी निको हुनेछन्।" १३ येशूले तिनको मृत्युको विषयमा भन्नुभएको थियो, तर तिनीहरूले चाहिँ स्वाभाविक निद्राको विषयमा भन्नुभएको हो भन्ठाने। १४ येशूले तिनीहरूलाई स्पष्ट भनिदिनुभयो, "लाजरस मरेका छन्। १५ तिमीहरूले विश्वास गर भनेर तिमीहरूका खातिर म त्यहाँ नभएकोमा खुशी छु। जे भए तापनि हामी तिनीकहाँ जाऔं।" १६ तब दिदुमस भनिने थोमाले आफ्ना सङ्गी-चेलाहरूलाई भने, "लौ, हामी पनि जाऔं, र उहाँसँगै मरौं।"१७ जब येशू आइपुग्नुभयो, तब लाजरसलाई चिहानमा राखेको चार दिन भइसकेको थाहा पाउनुभयो। १८ बेथानिया यरूशलेमदेखि नजिकै प्रायः तीन किलोमिटरको दूरीमा थियो। १९ धेरै यहूदीहरू मार्था र मरियमकहाँ तिनका भाइको विषयमा तिनीहरूलाई सान्त्वना दिन आएका थिए। २० येशू आइरहनुभएको छ भन्ने सुनेर मार्था गइन् र उहाँलाई भेटिन्। तर मरियम घरैमा बसिरहिन्। २१ तब मार्थाले येशूलाई भनिन्, "प्रभु, तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाइ मर्नेथिएन। २२ तर अब पनि म जान्दछु, तपाईंले परमेश्वरसँग जे माग्नुहुन्छ, परमेश्वरले तपाईंलाई दिनुहुनेछ।" २३ येशूले तिनलाई भन्नुभयो, "तिम्रो भाइ फेरि जीवित हुनेछ।" २४ मार्थाले उहाँलाई भनिन्, "म जान्दछु, कि त्यो अन्त्यका दिनको पुनरुत्थानमा फेरि जीवित भई उठ्नेछ।" २५ येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ। मलाई विश्वास गर्ने मर्‍यो भने पनि जीवित हुनेछ। २६ अनि जिउने र ममाथि**

विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन। के तिमी यो विश्वास गर्छ्यौ?" २७ तिनले उहाँलाई भनिन्, "हो प्रभु, म विश्वास गर्दछु, तपाईं संसारमा आउनुहुने ख्रीष्ट, परमेश्वरका पुत्र हुनुहुन्छ।"२८ यति भनेर तिनी गइहालिन्, र आफ्नी बहिनी मरियमलाई बोलाएर सुटुक्क भनिन्, "गुरुज्यू आइपुग्नुभयो, र तिमीलाई बोलाउँदैहुनुहुन्छ।" २९ यो सुनेर मरियम झट्टै उठेर उहाँकहाँ गइन्। ३० त्यस बेलासम्म येशू गाउँमा आइपुग्नुभएको थिएन, तर उहाँ त्यही ठाउँमा हुनुहुन्थ्यो जहाँ मार्थाले उहाँलाई भेटेकी थिइन्। ३१ घरमा तिनलाई सान्त्वना दिन आएका यहूदीहरूले मरियम झट्टै उठेर बाहिर गएकी देखेर, तिनी त्यो चिहानमा रुन गएकी हुन् भन्ठानेर, तिनको पछि लागे। ३२ जब मरियम येशू हुनुभएको ठाउँमा आइन् र उहाँलाई देखिन्, तब यसो भन्दै तिनी उहाँका पाउमा परिन्, "हे प्रभु, तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाइ मर्नेथिएन।" ३३ जब येशूले तिनलाई रोइरहेकी र तिनीसँग आउने यहूदीहरू पनि रोइरहेका देख्नुभयो, तब उहाँ आत्मामा ज्यादै व्याकुल हुनुभयो अनि अति दुःखित हुनुभयो। ३४ उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरूले तिनलाई कहाँ राखेका छौ?" तिनीहरूले उहाँलाई भने, "प्रभु, आएर हेर्नुहोस्।" ३५ येशू रुनुभयो। ३६ यसकारण यहूदीहरूले भने, "हेर, उहाँले तिनलाई कति माया गर्नुहुन्थ्यो।" ३७ तर कुनै-कुनैले भने, "के अन्धाका आँखा खोलिदिने यिनले यस मानिसलाई पनि मर्नदेखि बचाउन सक्नेथिएनन् र?" ३८ तब येशू फेरि ज्यादै व्याकुल भएर चिहानमा जानुभयो। यो चिहान एउटा ओढ़ारमा थियो। त्यसको मुख एउटा ढुङ्गोले ढाकेको थियो। ३९ येशूले भन्नुभयो, "ढुङ्गो हटाओ।" मृत मानिसको दिदी मार्थाले उहाँलाई भनिन्, "हे प्रभु, यस बेलासम्म त त्यो गन्हाउन लागिसक्यो होला, किनकि त्यो मरेको चार दिन भइसक्यो।" ४० येशूले तिनलाई भन्नुभयो, "के मैले तिमीलाई भनेको होइनँ, 'तिमीले विश्वास गर्‍यौ भने परमेश्वरको महिमा देख्नेछौ?" ४१ तिनीहरूले ढुङ्गो हटाए। अनि येशूले मास्तिर नजर उठाएर भन्नुभयो, "हे पिता, म तपाईंलाई धन्यवाद दिन्छु, किनकि तपाईंले मेरो बिन्ती सुन्नुभयो। ४२ मलाई थाहा छ, कि तपाईंले मेरो बिन्ती सधैं सुन्नुहुन्छ। तर यहाँ उभिएका भीड़को खातिर मैले यो भनेको हुँ, ताकि तपाईंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्वास गरून्।"४३ अनि यो कुरा भन्नुभएपछि उहाँ उच्च सोरले कराउनुभयो, "लाजरस, बाहिर निस्की आऊ।" ४४ त्यो मृत मानिस त्यसको हात-खुट्टा पट्टीले बाँधिएकै र अनुहार लुगाले बेह्रिएकैमा

बाहिर निस्की आयो। येशूले तिनीहरूलाई भन्नुभयो, “त्यसको बन्धन खोलिदेओ, र त्यसलाई जान देओ।”यूहन्ना ११:११-४४; "१० जुन अनुग्रह अब हाम्रा मुक्तिदाता ख्रीष्ट येशूको आगमनद्वारा प्रकट गर्नुभएको छ। उहाँले मृत्युलाई नाश गरेर जीवन र अविनाशलाई सुसमाचारद्वारा प्रकाशमा ल्याउनुभयो। ११ यसै सुसमाचारको निम्ति म एक प्रचारक, प्रेरित र शिक्षक नियुक्त भएँ। १२ यसकारण मैले यी कुरा भोगेको पनि छु। तर म शर्माउँदिनँ, किनभने मैले कसमाथि विश्वास राखेको छु सो म जान्दछु, र मलाई निश्चय छ, जुन कुरा त्यस दिनसम्म मैले उहाँलाई सुम्पेको छु, त्यो सुरक्षित राख्न सक्ने उहाँ हुनुहुन्छ।" २ तिमोथी १:१०-१२; २६ सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो। २७ “किनभने परमेश्वरले सबै कुरा उहाँका पाउमुनि अधीनमा राख्नुभएको छ।” तर यो स्पष्ट छ, कि “सबै कुरा उहाँको अधीनमा राखिएको छ” भन्नाले परमेश्वर आफै त्यस अधीनतामुनि हुनुहुन्न, जसले सबै कुरा ख्रीष्टको अधीनमा राखिदिनुभएको हो। २८ जब सबै कुरा उहाँको अधीनमा ल्याइन्छन्, तब स्वयम् पुत्र उहाँको अधीनमा हुनुहुनेछ, जसले सब थोक उहाँको अधीनतामा राख्नुहुन्छ, ताकि परमेश्वर नै सबै थोकका सर्वेसर्वा होऊन्। २९ नत्रता मृतकहरूका निम्ति बप्तिस्मा लिएको अर्थ के भयो? मृतकहरू जीवित नपारिने भए ता तिनीहरूका निम्ति मानिसहरूले किन बप्तिस्मा लिन्छन्? ३० मचाहिँ किन हरघड़ी जोखिममा परिरहेको छु। ३१ भाइ हो, हाम्रा प्रभु येशूमा तिमीहरूको कारण म गर्व गर्दछु, र म भन्न सक्तछु, कि प्रतिदिन म मर्दछु। ३२ मान्छेकै कुरा गर्नु हो भने, एफिससमा जङ्गली जनावरसँग मेरो लड़ाइँले मलाई के फाइदा भयो र? मृतकहरू जीवित नहुने भए ता, “हामी खाऔं र पिऔं, किनभने भोलि त हामी मरिहाल्छौं!” ३३ भ्रममा नपर। खराब सङ्गतले राम्रो चरित्रलाई नष्ट पार्छ। ३४ होशमा होओ, अब उप्रान्त पाप नगर। किनकि कतिलाई त परमेश्वरको ज्ञानै छैन। तिमीहरूलाई लज्जित तुल्याउनलाई मैले यो भनेको हुँ। ३५ तर कसैले सोध्ला “मृतकहरू कसरी पुनर्जीवित हुन्छन्, र तिनीहरू कस्ता किसिमको शरीर लिएर आउनेछन्?” ३६ हे मूर्ख! जे तिमी रोप्तछौ त्यो नमरिकन सजीव हुँदैन। ३७ जे तिमी रोप्तछौ त्योचाहिँ पछि हुने शरीर होइन, तर बीउ मात्र रोप्तछौ, चाहे त्यो गहूँ, अथवा अरू कुनै किसिमको अन्न होस्। ३८ तर आफूलाई खुशी लागेबमोजिम परमेश्वरले त्यसलाई एउटा शरीर दिनुहुन्छ, र हरेक किसिमको बीउलाई त्यसैको शरीर दिनुहुन्छ। ३९ सबै शरीर एकै किसिमका हुँदैनन्। मानिसको शरीर एक किसिमको, र जीवजन्तुहरूको अर्कै

किसिमको, चराहरूको अर्कै किसिमको र माछाहरूको अर्कै किसिमको शरीर हुन्छ। ४० अनि शरीर पनि स्वर्गीय र पार्थिव हुन्छन्। स्वर्गीय शरीरको तेज एक किसिमको छ, र पार्थिव शरीरको तेज अर्कै किसिमको। ४१ सूर्यको तेज एक किसिमको, चन्द्रमाको तेज अर्कै किसिमको, र ताराहरूको तेज अर्कै किसिमका हुन्छन्। किनभने एउटा तारा अर्को ताराभन्दा तेजमा भिन्दै हुन्छ। ४२ मृतकहरूको पुनरुत्थान पनि त्यस्तै हो। जुन शरीर विनाशमा गाडिन्छ, त्यो अविनाशमा जीवित हुन्छ। ४३ अनादरमा त्यो गाडिन्छ, महिमामा त्यो जीवित हुन्छ। दुर्बलतामा त्यो गाडिन्छ, शक्तिमा त्यो जीवित हुन्छ। ४४ प्राकृतिक शरीरमा त्यो गाडिन्छ, आत्मिक शरीरमा त्यो जीवित हुन्छ। प्राकृतिक शरीर छ भने आत्मिक शरीर पनि अवश्य हुन्छ। ४५ यसकारण यस्तो लेखिएको छ, "पहिलो मानिस आदम जीवित प्राणी भयो। अन्तिम आदम जीवन दिने आत्मा भयो। ४६ पहिलोचाहिँ आत्मिक होइन, तर प्राकृतिक हो, र त्यसपछि चाहिँ आत्मिक हो। ४७ पहिलो मानिस माटोले बनिएको, पृथ्वीबाट हो। दोस्रो मानिस स्वर्गको हो। ४८ माटोले बनिएको मानिसजस्तो थियो, माटोले बनिएकाहरू पनि त्यस्तै हुन्छन्, र स्वर्गीय मानिस जस्तो छ, स्वर्गकाहरू पनि त्यस्तै हुन्छन्। ४९ जसरी हामीले माटोका मानिसको रूप धारण गरेका छौं, त्यसरी नै स्वर्गका मानिसको रूप धारण गर्नेछौं। ५० अब भाइ हो, म तिमीहरूलाई यो भन्दछु, मासु र रगत स्वर्गका राज्यको हकदार हुन सक्दैन, न त विनाश अविनाशको हकदार हुन सक्छ। ५१ हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, ५२ एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन्। अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। ५३ किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ। ५४ जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, "मृत्यु विजयमा निलिएको छ।" ५५ "ए मृत्यु, तेरो विजय कहाँ? ए मृत्यु, तेरो खील कहाँ?" ५६ मृत्युको खील पाप हो, र पापको शक्ति व्यवस्था हो। ५७ तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ।" १ कोरन्थी १५:२६-५७ र "१३ भाइ हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरूजस्ता शोक गर्नु नपरोस्। १४ किनकि हामी विश्वास गर्छौं, कि येशू मर्नुभयो र फेरि जिइउठ्नुभयो र त्यसरी नै परमेश्वरले

**उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ। १५ प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं। १६ किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।" १ थेस्सोलोनिकी ४:१३-१८।**

दुवै पुरानो र नयाँ करारले मृत्युलाई निन्द्रा भन्ने प्रतिक प्रयोग गरिएकाछन्। बाइबलभरी कमसेकम त्रिपन्न पल्ट मृत्युलाई निन्द्रासंग तुलना गरिएको छ। मानिस मरेपछि उसको विवेकको अस्तित्व हुँदैन, उसको आत्मा वा हंस शरीरबाट अलग भएर जीवित हुन्छ र आकाश तथा पृथ्वीमा घुमिरहन्छ भन्ने धारणा बाइबलका लेखकहरूले दिएको छैन।

नयाँ करारले अर्को पक्षलाई थप्दछ जुन पुरानो करारले नै आभास दिएको छ त्यो हो ख्रीष्टको आगमनमा हुने महिमित पुनरुत्थान।

अनन्त वा अमर जीवन केवल येशूमा मात्रै छ भनेर सुसमाचारका पुस्तकहरूले जिकिर गर्दछन्। विश्वासीहरूमा भएको अनन्त जीवनको आश्वासन सैतानका सबै दानवहरूले लुट्न सक्दैन। येशू ख्रीष्टले मृत्युलाई क्रूसमा जित्नुभएको थियो। चिहानले उसका शिकारलाई बन्धक राख्न सक्दैन। जब येशू फर्किनुहुन्छ तब उहाँमा मरेकाहरू सबैको पुनरुत्थान हुनेछ भन्ने ग्यारेन्टी नै येशूको पुनरुत्थान थियो।

पावलका यी वचनहरू मनन गर्नुहोस्: "१५ त्यसभन्दा बढ़ी हामी परमेश्वरको बारे झूटा साक्षीहरू ठहरिन्छौं, किनकि उहाँले ख्रीष्टलाई मृतकबाट पुनर्जीवित पार्नुभयो भनी हामीले परमेश्वरको बारे गवाही दिएका छौं। तर साँच्चै मृतकहरूको पुनरुत्थान हुँदैन भने उहाँले ख्रीष्टलाई पुनर्जीवित पार्नुभएन। १६ किनकि यदि मृतकहरूको पुनरुत्थान नहुने भए ता ख्रीष्ट पनि मृतकबाट जीवित पारिनुभएन।" १ कोरन्थी १५:१५-१६। यदि येशूमा मरेकाहरू स्वर्गमै छ भन्ने पावलको उक्त भनाइको अर्थ के छ र? यदि हामी स्वर्गमा नै हुन्छौं भने कसरी नाश हुनेछौं त?

समुच्च रूपमा पावलले यो भन्न खोजेका छन् कि येशूको पुनरुत्थान नै हाम्रो पुनरुत्थानको जग वा आधार हो र पुनरुत्थान बिना हाम्रो विश्वास वा आस्था बेकारको छ र हामी अझै पनि पापमै रहिरन्छौं र मरेकाहरू सदाको निम्ति नाश हुन जमिन मै रहिरहेको हुन्छ।

जब येशू फर्केर आउनुहुनेछ त्यसबेला हाम्रो पुनरुत्थान हुने आशा बाइबलमा प्रकट गरिएको यस्तो छ, "३ परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टका पिता धन्यका हुनुहुन्छ! उहाँको महान् कृपाले मृतकबाट येशू ख्रीष्टको पुनरुत्थानद्वारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौं। ४ स्वर्गमा तिमीहरूका निम्ति साँचिराखेको उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलने किसिमका छन्। ५ आखिर समयमा प्रकट हुन आँटेका मुक्तिको निम्ति तिमीहरू विश्वासद्वारा परमेश्वरको शक्तिबाट सुरक्षित राखिएका छौ। ६ तिमीहरू यसैमा रमाउँछौ, यद्यपि अहिले थोरै समयको निम्ति तिमीहरूले विभिन्न किसिमका कष्ट भोग्नुपर्दछ। ७ आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा पनि तिमीहरूको विश्वास मूल्यवान् छ। तिमीहरूको यो विश्वास साँचो प्रमाणित होस्, र येशू ख्रीष्ट प्रकट हुनुहुँदा प्रशंसा, महिमा र आदरको योग्य बनोस्। ८ तिमीहरूले नदेखे तापनि उहाँलाई प्रेम गर्छौ। उहाँलाई तिमीहरू अहिले देख्दैनौ, तापनि उहाँमाथि विश्वास गर्छौ र अवर्णनीय र गौरवमय आनन्दमा रमाउँछौ। ९ तिमीहरूका विश्वासको प्रतिफलस्वरूप तिमीहरूले आफ्ना आत्माको मुक्ति पाउँछौ।" १ पत्रुस १:३-९। यदि मरेकाहरू स्वर्गमा नै छन् भने स्वर्गमा सुरक्षित राखेको उत्तराधिकारी वा सम्पत्ति हाम्रो निम्ति छ भनेर पत्रुसले किन उल्लेख गरेका थिए? नयाँ करारका विश्वासीहरू येशूको आगमनको निम्ति पर्खिरहेका, मरेकाहरूको पुनरुत्थानको आशाले जीवनको कष्ट र यातनाहरूमा विश्वासलाई अटल राख्ने प्रेरणा मिलेको थियो।

***येशूभक्तको आस्थामा पुनरुत्थान अत्यन्तै किन प्रभावकारी आशा हो? यदि क्रूस त छ तर पुनरुत्थान भएन भने हाम्रो आस्थाको अर्थ के छ र? त्यसकारण, पुनरुत्थान हाम्रो आस्था र शिक्षाको अत्यन्तै महत्त्वपूर्ण भाग किन हो?***

## ४. बाइबल बिपरित चल्ने आत्मिक जागरण वा भावनामा उत्तेजना फैलाउने धार्मिक, सामाजिक र आत्मिक अन्तको दिनमा हुने क्रियाकलापहरूः भाग १

युगको अन्तमा सैतानले ल्याउने के अनेकौं छलहरू मानिसहरूले सामना गर्नुपर्नेछ? हेर्नुहोस्: "३ येशू जैतून डाँड़ामा बस्नुहुँदा चेलाहरू एकान्तमा उहाँकहाँ आएर सोधे, "हामीलाई भन्नुहोस्, यी कुरा कहिले हुनेछन्, र तपाईंको आगमन र यस युगका अन्त्यको चिन्ह के हुनेछ?" ४ तब येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस्। ५ किनभने धेरै जना मेरो नाउँमा 'म ख्रीष्ट हुँ' भन्दै आउनेछन्, र धेरैलाई बहकाउनेछन्। ६ तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ। नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर अन्त्य त त्यत्ति नै बेला हुँदैन। ७ किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य उठ्नेछ, र ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन्। ८ तर यी सब त प्रसववेदनाको सुरु मात्र हो। ९ "तब तिनीहरूले तिमीहरूलाई सङ्कष्टको लागि सुम्पिदिनेछन्, र तिमीहरूलाई मार्नेछन्, र मेरो नाउँको खातिर सबै जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन्। १० तब धेरै जना भड्केर जानेछन्, र ठेस खानेछन्, र एउटाले अर्कालाई विश्वासघात गरेर सुम्पिदिनेछ र घृणा गर्नेछ। ११ धेरै झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र धेरैलाई बहकाउनेछन्। १२ दुष्टता बढ़ेको हुनाले धेरैको प्रेम सेलाएर जानेछ। १३ तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ। १४ अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ। १५ "यसकारण जब तिमीहरूले दानिएल अगमवक्ताबाट बोलिएको विनाशकारी घृणित थोक पवित्रस्थानमा खड़ा भएको देखौला (पाठकले बुझोस्), १६ तब यहूदियामा हुनेहरू पहाड़हरूतिर भागून्। १७ कौसीमा हुनेहरू आफ्ना घरमा भएका सामान निकाल्नलाई तल नझरून्। १८ खेतबारीमा हुने आफ्नो खास्टो लिन फर्की नआऊन्। १९ हाय! गर्भवतीहरू र दूध खुवाउनेहरूलाई ती दिनमा। २० तर हिउँदमा वा शबाथमा तिमीहरू भाग्न नपरोस् भनी प्रार्थना गर। २१ किनकि त्यस बेला यस्तो महासङ्कष्ट हुनेछ, जो जगत्को सुरुदेखि अहिलेसम्म भएको छैन, न त फेरि कहिल्यै हुनेछ। २२ ती दिन नघटाइएका भए कोही मानिस बाँच्न सक्नेथिएन, तर चुनिएकाहरूका निम्ति ती दिन घटाइनेछन्। २३ तब तिमीहरूलाई कसैले 'हेर, ख्रीष्ट यहाँ छन्, कि त्यहाँ छन्' भन्यो भने विश्वास नगर। २४ किनकि झूटा ख्रीष्टहरू, र झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र हुन सके चुनिएकाहरूलाई

पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन्। २५ याद राख, मैले तिमीहरूलाई अघिबाटै भनिदिएको छु।" मत्ती २४:३-२५; "५ के तिमीहरूलाई याद छैन, म तिमीहरूसँग छँदा नै मैले यी कुराहरू तिमीहरूलाई भनेको थिएँ? ६ त्यो आफ्नो समयमा प्रकट होस् भन्ने हेतुले कुन कुराले त्यसलाई अहिलेसम्म रोकिराखेको छ, यो तिमीहरू जान्दछौ। ७ किनकि अधर्मको रहस्यले अघिबाटै काम गरिरहेछ। अहिलेसम्म जसले त्यसलाई रोकिराख्नुभएको छ, उहाँ नहटुञ्जेल त्यसलाई रोकी नै राख्नुहुनेछ। ८ तब त्यस पापको मानिस प्रकट हुनेछ, जसलाई प्रभु येशूले आफ्नो मुखको सासले नाश पार्नुहुनेछ, र उहाँका आगमनको प्रकाशले त्यसलाई नाश गर्नुहुनेछ। ९ शैतानको कामकाजबमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित, १० र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे। ११ यसैकारण तिनीहरूले झूटा कुरामा विश्वास गरून् भनेर परमेश्वरले तिनीहरूमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ, १२ ताकि सत्यमाथि विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिऊन्।" २ थेस्सोलिनिकी २:५-१२, "११ अनि पृथ्वीबाट निस्किरहेको अर्को एउटा पशु मैले देखें। त्यसको पनि थुमाका जस्तै दुई वटा सीङ थिए, र अजिङ्गरजस्तै त्यो बोल्दथ्यो। १२ त्यसले पहिलो पशुको उपस्थितिमा त्यही पशुको सारा अधिकार चलाउँदथ्यो, र पृथ्वी र त्यसका सम्पूर्ण बासिन्दाहरूलाई पहिलो पशुको पूजा गर्न लाउँथ्यो, जसको घातक चोट निको भएको थियो। १३ मानिसका आँखाको अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गर्‍यो। १४ पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका बासिन्दाहरूलाई बहकायो। तरवारको चोट खाएर पनि जीवित भएको त्यस पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरूलाई दियो।" प्रकाश १३:११-१४ र "१३ मैले अजिङ्गरको मुखबाट, त्यस पशुको मुखबाट र झूटो अगमवक्ताको मुखबाट भ्यागुताहरूजस्ता तीन वटा घृणित आत्माहरू निस्किरहेका देखें। १४ तिनीहरू चमत्कार देखाउने दुष्टात्माहरू हुन्। तिनीहरू समस्त संसारका राजाहरूकहाँ जाँदछन्, र सर्वशक्तिमान् परमेश्वरको महान् दिनमा युद्ध गर्नलाई तिनीहरूलाई भेला गर्छन्।" प्रकाश १६:१३-१४।

कठित आत्मिक जागरणको नाउँमा मानिसहरूलाई बहकाउन सैतानले अनेकौं चिन्ह र चमत्कारीय कामहरू गर्नेछ। येशूको आगमनको ठिक अगाडि उसले करोडौंलाई झुक्याउ र धोखा दिन भव्य, शानदार र मनमुग्ध आश्‍चर्य कामहरू सैतानले गरेर देखाउनेछ। सैतानका पतित स्वर्गदूत वा दानवी आत्माहरूको धोखा दिने शक्तिको बारेमा टिप्पणी गर्दै बाइबलका विद्वान आन्जल रोड्रिगेले यो महत्त्वपूर्ण भनाइ राख्दछन्ः "मानिसहरूलाई मख्ख पार्ने तिनीहरूको शक्ति तिनीहरूको सन्देशमा होइन तर अलौकिक चिन्ह र आश्‍चर्य कामहरूद्वारा देखाइनेछ। तिनीहरूले अनेकौं चमत्कारीय चिन्हहरू गरेर देखाउनेछन् (प्वाइयो poieo ग्रीक भाषामा)। मानिसहरूलाई उत्तेजित पारेर तिनीहरूको इन्द्रियहरूलाई हल्लाइ दिनेछ र तिनीहरूको सोच्ने र निर्णय गर्ने अधिकार वा शक्तिलाई लठ्ठ पारिनेछ। ती पतित दानवहरूले गर्ने ती चर्तिकलाले तीन दानव वा भ्रष्ट जीवहरूको एकतालाई देखाउँछ। तिनीहरू हुन् अजिङ्गर-सैतान, पशु-भ्रष्ट इसाई धर्म र झुठा अगमबक्ता वा प्रचारकहरू। तिनीहरूका कामहरूको स्वभावले अध्यात्मिक जागरण भएको देखाउँछ। तिनीहरूको स्रोत परमेश्वर होइन तर सैतानको हो। जब परमेश्वर र सैतानको बिचमा भइरहेको जगत व्यापि द्वन्द्वको समाप्त हुने स्थितिमा आइपुग्छ, तब सैतानको शक्ति मानव इतिहासमा प्रभावकारी रूपमा पस्नेछ। ईश्वरविहिन अध्यात्मवाद, तन्त्रमन्त्र, जादु, मानिसलाई लठ्ठ बनाउने जस्ता चर्तिकलाहरू अध्यातिक रूपमा बढ्नेछ। मानिस अमर छ वा उ मरेपनि जिइरहेको कुनै न कुनै क्रियालापले देखाउँछ भनेर बाइबलमा आधारित नभएका शिक्षा, दर्शन र आत्मिक क्रियाकलापले सारा संसारलाई लठ्ठ पारिनेछ।"-*द क्लोजिङ्ग अ द कस्मिक कन्फलिक्टः रोल अभ द थ्री आन्जलस् मेसेजेज,* नछापिएको हस्तलेख, पृ. ६।

**हाम्रा भावनाहरूमा भरोसा राख्नु किन खतरा छ? हाम्रो आस्थाको अनुभवमा तिनीहरूको भूमिका चाहे असल होस् वा खराब कसरी खेल्दछ? हाम्रो सोच वा विचार गर्ने शक्तिलाई लठ्ठ पारेर ती हाम्रा भावनाहरूद्वारा सैतानले हामीलाई कसरी बन्धक बनाउन सक्छ?**

"सारा संसारलाई अन्तिम धोखा दिन सैतानले धेरै समयदेखि तयार गरिरहेको छ। अलि अलि गरेर उसको गुरु योजना ईश्वरविहिन अध्यात्मिक जागरणद्वारा घुसपैठ गरेर मानिसहरूको समाज, संस्कार, धर्म र संस्कृतिमा पसिरहेको छ। उसको योजना पूरै अवस्थामा पुगेको छैन। तर अन्तिम बाँकि

समयमा उसको योजनालाई पूर्ण रूप दिनेछ। परमेश्वरको वचन र उहाँमाथि विश्वास गरेर उहाँको शक्तिले सुरक्षित राखिएका उहाँका जनहरूबाहेक, सारा संसार उसको धोखाको छालमा बग्नेछ। मानिसहरूलाई झुठा घाटक सुरक्षाको जालोमा फसिरहेकाछन्। परमेश्वरको क्रोधको भाँडो तिनीहरूमाथि खनाएपछि मात्र तिनीहरू जाग्नेछन्।"-द ग्रेट कन्त्रोभर्सी, पृ. ५६१,५६२। हाम्रो पूरा सुरक्षा केवल येशू र उहाँको वचनमा मात्रै छ।

मानिस मरेपनि बाँचिरहन्छन् भन्ने छलि धारणा करोडौं मानिसहरू विभिन्न धर्म चाहे इसाई धर्म नै किन नहोस्, संस्कार, समाज, संस्कृतिमा फैलिएको देख्दा हामी अचम्म मान्नु आवश्यकता छैन न त मुश्किल नै छ।

**अहिले पनि हाम्रो वा अरू कुनैको समाजमा मरेका मानिसहरू भूत, प्रेत, पिशाच भएर आउँछ भन्ने विभिन्न दर्शन र साहित्य, काल्पनिक कथा र सिनेमाहरूले देखाएको क्रियाकलापबाट हामी कसरी सुरक्षित हुने?**

## ५. बाइबल बिपरित चल्ने आत्मिक जागरण वा भावनामा उत्तेजना फैलाउने धार्मिक, सामाजिक र आत्मिक अन्तको दिनमा हुने क्रियाकलापहरूः भाग २

हाम्रो मुक्तिको आशाको जग ख्रीष्टमै गाडिएको छ। रगतले भिजेको उहाँका हातहरू फैलाएर उहाँले अनन्त मोलमा उपलब्ध गराइएको बलि सित्तैंमा स्वीकार गर्न आह्वान गरिरहनुभएको छ। छिटै आफ्ना जनहरूलाई लिन ख्रीष्ट आउनुहुनेछ। तितस २:१३ले ख्रीष्टको दोस्रो आगमनलाई "धन्यको आशा" भनेर सम्बोधन गरिएको छ।

यो आशालाई नाश गर्ने सैतानको लक्ष्य हो। उसले अनेकौं आश्चर्य कामहरू गर्नेछ, विभिन्न चिन्ह र अचम्मका कामहरू गर्नेछ। बाइबलको सत्यताबाट र ख्रीष्टमा पाइने मुक्तिबाट मानिसहरूलाई बिचलित पार्न उसले धेरै मग्दुर प्रयास गर्नेछ।

प्रकाश १४:१२मा लेखिएको छ, "सन्तहरूको धैर्यता यो हो; तिनीहरू जसले परमेश्वरका आज्ञाहरूलाई पालन गर्छन् र येशूको (वा येशूमा) विश्वास गर्छन्। युगको अन्तमा मानिसहरूलाई परमेश्वरका आज्ञाहरू पालन गर्नबाट वा येशूको वा येशूमा भएको विश्वास रोक्न सैतानले सबै प्रयास गर्नेछ। परमेश्वरका बाँकि सन्तान वा बचेखुचेका येशूभक्तहरूलाई सैतानले ल्याउने अनेकौं चिन्ह, आश्चर्य काम र अचम्मका कामहरूद्वारा चिचलित पार्नेबाट हामी जोगिन अनिवार्य छ।

**सैतानको धोखा दिने शक्ति र उसले काम गर्ने तरिकालाई देहायका पदहरूले के भन्छ सो पढ्नुहोस्: मत्ती २४:२३-२७; २ कोरन्थी ११:१३,१४, २ थेस्सोलिनिकी २:९-१२।**

युगको अन्तिम क्षणमा सैतानले उसको अन्तिम छल गर्नेछः "आकाशमै तर्साउने खालका अलौकिक दृश्यहरू छिटै प्रकट गरिनेछ। दानव वा सैतानका दुष्ट शक्तिहरूले अनेकौं अचम्मका कामहरू गर्नेछन्। दुष्ट आत्मा वा पतित स्वर्गदूतहरूका आत्माहरू पृथ्वीका राजा वा शासक र सारा संसारमा गएर छलि काम गरेर तिनीहरूलाई मनमुग्ध गर्नेछन्। ती दानव शक्तिहरूले संसार र संसारका शासकहरूलाई सैतानसँग मिलेर परमेश्वरको राज्यसँग विद्रोह गर्न अन्तिम संघर्षको रूपमा उचाल्नेछन्। ती तत्वहरू मिलेर शासक र प्रजाहरूलाई धोखा दिनेछन्। कतिपय इसाई प्रचारकहरू नै आफू ख्रीष्ट हुँ भनेर दावी गर्नेछन्। संसारका मुक्तिदातालाई दिनुपर्ने आराधना र पद आफ्नो हो भनेर दावी गर्नेछन्। तिनीहरूले निको पार्ने अचम्मका कामहरू गरेर आफूले परमेश्वरबाट नै दिव्यज्ञानहरू पाएका छन् भनेर दावी गर्नेछन् तर ती दावीहरू बाइबलका शिक्षादीक्षा वा गवाहीसँग तालमेल हुँदैन।

"संसारलाई धोखा दिने महान् नाटकको पराकाष्टामा सैतान आफै ख्रीष्ट हुँ भनेर देखाउनेछ। चर्चले धेरै समयदेखि येशूको आगमनको अपेक्षा गरेका थिए। अब त्यो आशा पूरा भएको छ भनेर सैतानले येशूको खोल लगाएर देखाउनेछ। पृथ्वीका विभिन्न भागहरूमा सैतानले आँखा नै तिर्मिराउने गरेर राजकीय तेज वा चमक देखाउनेछ। प्रकाशको पुस्तकमा यूहन्नाले वर्णन गरेकै अनुसार आफ्नो यश, प्रताप परमेश्वरको पुत्र जस्तो देखाएर सारा संसारलाई आफ्नो पासोमा फसाउनेछ। प्रकाश १:१३-१५। - *द ग्रेट कन्त्रोभर्सी,* पृ. ६२४।

***सैतानको छलमा हामी नपरौं भनेर बाइबलले नै सिकाएको अनुसार येशूको आगमनको तथ्य र मानिस मरेपछि के हुन्छ भन्ने शिक्षा बुझ्न किन अनिवार्य छ?***

**उपसंहारः**

**थप जानकारीः लेखक** ली स्ट्रोबेलले एउटा किताब छापेका थिए। त्यसको शिर्षक थियो, *द केस फर द हेभेन* व स्वर्गको मामिला। मानिस मरेपछि उसको चेतना कुनै न कुनै स्थितिमा जीवितै हुन्छ भनेर उनले दावी गरेका थिए। झण्डै मरेको अनुभवलाई उनले प्रमाणको रूपमा लिएका थियो। एउटा उदाहरणमा उनले एक जना केटीको बारेमा लिएका थिए। उनी मुटुको शल्यक्रिया गरिरहेको बेलामा आफू मृत्युको नजिक भएको अनुभव गरेकि थिइन् रे। उनले त्यस अनुभवमा आफ्नो दाजुलाई भेटिन् रे। तर आफ्नो दाजु नभएकोले उनी छक्क परिन् रे। जब आफू निको भएपछि आफ्नो अनुभव बाबुलाई बताइन्। प्रथम पल्ट उनको बाबुले भने कि उनको दाजु थियो तर उनी जन्मनुभन्दा पहिले उ मरिसकेको थियो। मानिस मरेपछिको तत्कालिन् जीवन र येशू आउनुभएपछि इसाईहरूले पाउने अन्तिम इनामलाई लेखकले तालमेल गर्न खोजेका थिए।

हामीलाई यो चेतावनी दिइएको छः "सैतानका दुष्ट आत्मा वा जीवहरू प्रिय आफन्त र साथीहरूका भेष लिएर आउनेछन् र आफूहरू जीवितै छ भनेर अत्यन्तै खतरापूर्ण भ्रष्ट धारणा फैलाउनेछ। ती भूत वा पिशाच भएर आउनेहरूले हाम्रा अत्यन्तै कोमल मनलाई जित्न खोज्नेछ र तिनीहरूले नक्कली व्यक्तित्व लिएर अनेकौं आश्चर्य काम गर्नेछन्। बाइबलको सत्यतालाई आत्मसात गरेर हामीले ती धोखापूर्ण छलहरूको बिरुद्धमा उभिनुपर्छ। मरेकाहरूलाई केही थाहा छैन भन्ने बाइबलको शिक्षालाई दिमागमा राखेर ती छद्पभेषी व्यक्तिहरू सैतानका मतियारहरू हुन् भनेर हामी अडिग हुनुपर्दछ।

"हामीलाई येशूले वचन दिनुभएको छ, "तिमीले धैर्यको मेरो वचन पालन गरेका हुनाले, तिमीलाई परीक्षाको त्यस बेलादेखि म बचाउनेछु, जो पृथ्वीमा वास गर्ने मानिसहरूलाई जाँच गर्न सारा संसारमा आउनेवाला छ।" प्रकाश ३:१०। सबै जना जसको विश्वास परमेश्वरको वचनमा दृढतापूर्वक बसालिएको हुँदैन, तिनीहरूलाई धोखा दिइनेछ र तिनीहरूका मनलाई जित्नेछ। सबै किसिमका अधर्मी छली र चालबाजी द्वारा मानिसहरूलाई सैतानले नियन्त्रण गर्छन् र उसका भ्रामक चालबाजीहरू निरन्तर रूपमा बढ्नेछ। तर उसले जबरजस्ती कसैलाई पनि धोखा दिन सक्दैन। मानिसहरूले स्वेच्छाले उसका चालबाजीहरूमा फस्न चाहे मात्र फस्न सक्छन्।

कतिपय मानिसहरू लगनशील भएर सत्य आत्मज्ञानलाई खोजिरहेका छन्, परमेश्वरका आज्ञाहरू पालन गर्न र शुद्ध हुन भरमग्दुर प्रयास गरिरहेका छन्। सैतानका धोखाहरूसँग मुकाबिला गर्न आफूहरूलाई तयार गरिरहेका हुन्छन्। ती मानिसहरूले सत्यको परमेश्वर नै तिनीहरूको निम्ति सुरक्षा कवच हुनेछ। "तिमीले धैर्यको मेरो वचन पालन गरेका हुनाले, तिमीलाई परीक्षाको त्यस बेलादेखि म बचाउनेछु, जो पृथ्वीमा वास गर्ने मानिसहरूलाई जाँच गर्न सारा संसारमा आउनेवाला छ।" प्रकाश ३:१०। यो हाम्रो मुक्तिदाताको प्रतिज्ञा हो। उहाँले स्वर्गका आफ्नो प्रत्येक स्वर्गदूतलाई उहाँको सत्यमा हिँड्ने भक्तको रक्षा गर्न खटाउनुहुनेछ। येशूमा पूरा भरोसा राख्नेहरूलाई सैतानले नियन्त्रण गर्न सक्नेछैन।"-द *ग्रेट कन्त्रोभर्सी,* पृ. ५६०।

**चिन्तनमनन:**

**अ. मानिसको दिमागलाई नियन्त्रण गर्न सैतानले बढो चालबाजीका साथ कठित धार्मिक जागरणहरूले कसरी प्रभाव पारिरहेको छ? आजको सञ्चार माध्यमले सैतानको पक्षमा कसरी भूमिका खेलिरहेको छ? (फिलिम, मोबाइल, भूतप्रेत, तन्त्रमन्त्र, जादु आदिका पुस्तक सामग्रीहरूद्वारा)।**

**आ. आफ्नो प्रियजन स्वर्गमा छ भनेर विश्वास गर्ने साथीलाई तपाईंको विश्वास कसरी बाँड्ने? के भन्नु उचित छ र के नभन्नु उचित छ?**

# कथा १०
# सुसमाचार नगएको नाइजेरियाको सहर
## आन्ड्र्यु मेकचेस्नी

अफ्रिकी महादेशको नाइजेरियाको दक्षिणपूर्वी भागमा रहेको उमाचा सहर अत्यन्तै महत्त्वपूर्ण चौबाटोमा छ। यस सहरमा ठुलो बजार छ। छिमेकी सहरका मानिसहरू यहाँ आएर दिनदिनै भिड गर्ने र सामानहरू किन्दछन्। तर यस सहरमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च छैन।

त्यहाँ एडभेन्टिस्ट चर्च नहुनु अचम्म लाग्दो छ। त्यस सहरका वरिपरि रहेका सहरहरूमा सेभेन्-डे एडभेन्टिस्ट चर्च ७० वर्ष अघिदेखि नै थियो।सेभेन्थ-डे एडभेन्टिस्टको आब नर्थ कन्फरेन्स नजिकैको सहरमा सहरमा थियो। तर उमाचामा चर्च छैन।

### किन त?

उमाचामा पहिलो चर्च ८० वर्ष अघि नै स्थापना भएको थियो। यो त्यस सहरको केवल एउटा मात्र चर्च हुने निर्णय गरेको थियो। तर सहरका मानिसहरू बाहिरका मानिसहरूलाई जग्गाजमिन बेचे। तिनीहरूले आआफ्नै सम्प्रदायका चर्चहरू स्थापना गरे। त्यहाँका सबभन्दा पुरानो चर्चले नयाँ मानिसहरूलाई स्वागत गरे तर एडभेन्टिस्ट हुँ भनेर घोषणा गर्ने मानिसहरूलाई त्यस चर्चमा हुल्न चाहेका थिएन।

छिमेकी सहरहरूमा भएका एडभेन्टिस्ट चर्चहरूले उमाचामा चर्च स्थापना गर्न सङ्घर्ष गरे। जब तिनीहरूले सुसमाचार सुनाउने कार्यक्रम बनाए तर कसैले पनि तिनीहरूको निम्ति ठाउँ दिएन। नजिकको म्बा सहरमा दुई हप्ताको सुसमाचार कार्यक्रम गर्न पाउँदा आशा पल्हाएको थियो। पछि बालसङ्गति पनि सुरु गरेको थियो। तर त्यो बालसङ्गति तीन महिना पछि बन्द भयो। म्बाका युवाहरूले बाइबल सिकाउन र चर्चमा सामेल गराउन उमाचाका धेरै परिवारहरूलाई सरिक गराए। तर अरू इसाईहरूले तिनीहरूलाई ढुङ्गामुडा गरेकोले तिनीहरू त्यस चर्चमा आउन छोडे।

सन् २०२१ मा आबा नर्थ कन्फरेन्सले उमाचामा सुसाचार सुनाउने नयाँ योजना बनायो। तर त्यो कार्यक्रम गर्न ठाउँ पाएन। एक दिन खाली जग्गाका धनीले तिनीहरूलाई पाल राखेर कार्यक्रम गर्न अनुमति दिए तर अचानक उनले आफ्नो मनलाई परिवर्तन गरे र त्यहाँ कार्यक्रम गर्न दिएन।

त्यस वर्ष र २०२२मा पनि त्यहाँ सुसमाचार सार्वजनिक प्रचार गर्ने योजना बनायो। त्योपनि असफल भयो।

एकजना चर्चको विश्‍वासी क्रिश्‍चियन भन्ने व्यक्तिले सुसमाचार प्रचार गर्ने ठाउँ पाउन नयाँ प्रयास गरे। धेरै खोजनीति गरेपछि चिलाकालाई उनले भेटे। उनी एक स्कुलको मालिक थियो। उनले सोधे, "होइन, तपाईं यताउती दगुर्दै हुनुहुन्छ। तपाईंले के खोज्दै हुनुहुन्छ?" "मैले तपाईंलाई खोजीरहेको जस्तो लाग्छ," क्रिश्‍चियनले जवाफ दिए। केही बेर छलफल पछि त्यो स्कुलको धनीले आफ्नो जग्गा सुसमाचारीय कार्यक्रमहरूको निम्ति दिने निर्णय गरे। त्यो निर्णयलाई क्रिश्‍चियनले सहर्ष स्वीकार गरे।

एक महिनासम्म उमाचामा एडभेन्टिस्ट प्रचारकहरूले परमेश्वरको वचन प्रचार गरे। बिरामीहरूको उपचार गर्न तिनीहरूले चिकित्सक टोली पनि त्यसमा सरिक भए। अन्तमा २९ जनाले बप्तिस्मा लिए। अनि कसैले जग्गा दान दिए। उमाचामा एडभेन्टिस्ट चर्च खडा भयो।

"आज त्यो चर्चले परमेश्वरको महिमाको निम्ति प्रगति गरिरहेको छ," आबा नर्थ कन्फरेन्सको सुसमाचारीय निर्दशेक क्यालिब उचेना एनियन्डिले यस लेखकलाई सुनाए।

परमेश्वरको समय जहिले पनि ठिक हुन्छ। प्रस्थान ९:५लाई औंल्याउँदै उनले थपेः "परमप्रभुले यसो भनेर एक निश्‍चित समय ठहराउनुभयो, "भोलि नै यस देशमा परमप्रभुले यो काम गर्नुहुन्छ।" परमेश्वरले उमाचामा त्यसै गर्नुभयो।